# खानीखोला गाउँपालिका

काभ्रेपलाञ्चोक जिल्ला, वाग्मती प्रदेश

# खानीखोला गाउँपालिका राजपत्र

## गाउँ कार्यपालिकाद्वारा प्रकाशित

खण्ड : ७ संख्या : ५३ मिति : २०८०/०२/२५


# भाग-२

गाउँ कार्यपालिकाको बैठकबाट निर्णय मिति: २०७९/०९/२१

गाउँ सभाबाट स्वीकृत मिति: २०७९/०९/२९

# स्थानीय उत्पादन खरिद तथा बिक्री केन्द्र सञ्चालन कार्यविधि, २०७९

प्रमाणीकरण मितिः २०७९।०९।२१

**प्रस्तावनाः**

खानीखोला गाउँपालिका क्षेत्र भित्रका उत्पादनको बिक्री वितरण गरी खानीखोला गाउँपालिका भित्रका जनताको आर्थिक समृद्धि तथा विकासका लागि स्थानीय कृषि उत्पादनको बिक्री वितरण मार्फत बजारीकरणको सुनिश्चिताको माध्यमबाट स्थानीय उत्पादनमा गाउँपालिकालाई आत्मनिर्भर गराउन "**स्थानीय उत्पादन खरिद तथा बिक्री केन्द्र सञ्चालन कार्यविधि**,**२०७९"** बनाउन बाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ ले दिएको अधिकार प्रयोग गरी "**स्थानीय उत्पादन खरिद तथा बिक्री केन्द्र सञ्चालन कार्यविधि**, **२०७९"** गाउँकार्यपालिकाले स्वीकृत गरी यो कार्यविधि लागू गरेको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम "**स्थानीय उत्पादन खरिद तथा बिक्री केन्द्र सञ्चालन कार्यविधि**, **२०७९"** रहेको छ ।

(२) यो कार्यविधि गाउँकार्यपालिकाबाट स्वीकृत गरी राजपत्रमा प्रकाशन भए पश्चात लागू गरिनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "गाउँपालिका" भन्नाले खानीखोला गाउँपालिका सम्झनु पर्दछ ।

(ख) "गाउँकार्यपालिका" भन्नाले खानीखोला गाउँकार्यपालिका सम्झनु पर्दछ ।

(ग) "अध्यक्ष" भन्नाले गाउँपालिकाका अध्यक्षलाई सम्झनु पर्दछ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँकार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(ङ) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्दछ ।

(च) "सहयोग रकम" भन्नाले खानीखोला गाउँपालिकाको स्थानीय कृषि उपज तथा गैर कृषि उत्पादनलाई खरिद तथा बिक्री केन्द्र सञ्चालन कार्यविधि,२०७९" अन्तर्गत उत्पादित स्थानीय उत्पादनको बिक्री सुनिश्चिताको लागि गाउँपालिकाबाट साझेदार संस्था मार्फत परिचालन हुने बजार सहजीकरण कोषमा दाखिला भएको बजार सहजीकरण सहयोग रकम सम्झनु पर्दछ ।

(छ) "साझेदार संस्था" भन्नाले कार्यक्रम कार्यान्वयनको लागि अन्तिम छनौटमा परेको सहकारी वा व्यावसायिक फर्म सम्झनु पर्दछ ।

(ज) "खरिद बिक्री स्थल" भन्नाले स्थानीय उत्पादनको बिक्री वितरण गर्न गाउँकार्यपालिकाले तोकेको स्थललाई सम्झनु पर्दछ ।

(झ) "सहकारी" भन्नाले सहकारी ऐन, २०७४ दफा १५ बमोजिम दर्ता भएको संगठित संस्था सम्झनु पर्दछ ।

(ञ) "फर्म" भन्नाले प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ र प्राईभेट फर्म रजिष्ट्रेशन नियमावली, २०३४ बमोजिम दर्ता भएको भन्ने सम्झनु पर्दछ ।

(ट) "स्थानीय उत्पादन" भन्नाले खानीखोला गाउँपालिकाभित्र उत्पादित कृषि उपज र गैर कृषि उत्पादनलाई जनाउँदछ ।

(ठ) "बिक्री संयोजक" भन्नाले साझेदार संस्थाले स्थानीय उत्पादकबाट सङ्कलित कृषि तथा गैर कृषि उपज वा उत्पादनको बिक्री वितरणको लागि तोकेको आधिकारिक प्रतिनिधि वा नियुक्त गरेको कर्मचारी सम्झनु पर्दछ ।

(ड) "अनुगमन तथा मूल्याङ्कन समिति" भन्नाले गाउँकार्यपालिकाले तोकेको समिति सम्झनु पर्दछ ।

(ढ) "मूल्याङ्कन समिति" भन्नाले दफा ११ बमोजिमको समितिलाई सम्झनु पर्दछ ।

(ण) "खरिद बिक्री केन्द्र" भन्नाले सहयोग रकम प्राप्त गर्न छनौट भएको साझेदार संस्थाले उपयुक्त स्थानमा स्थापना गरेको खरिद बिक्री केन्द्र सम्झनु पर्दछ ।

(त) "बजार सहजीकरण कोष" भन्नाले गाउँपालिकाले आफ्नो खाता सञ्चालन गर्ने सम्बन्धित बैंकमा स्थापना गरेको कोष सम्झनु पर्दछ ।

(थ) "कृषि विज्ञ" भन्नाले नेपालको प्रचलित कानुनले परिभाषा गरेको कृषि तथा पशुपंक्षी सम्बन्धी प्रमाण पत्र प्राप्त ज्ञान, सीप, क्षमता, दक्षता, योग्यता र अनुभव हासिल गरेको व्यक्ति सम्झनु पर्दछ ।

(द) "कृषि विकास शाखा" भन्नाले गाउँकार्यपालिकाको कृषि विकास शाखा सम्झनु पर्दछ ।

(ध) "पशुपंक्षी विकास शाखा" भन्नाले गाउँकार्यपालिकाको पशुपंक्षी विकास शाखा सम्झनु पर्दछ ।

(न) "कृषि उपज" भन्नाले खानीखोला गाउँपालिकामा उत्पादित कृषि फसल र पशुपंक्षीजन्य

(प) "गैर कृषि उत्पादन" भन्नाले खानीखोला गाउँपालिकामा उत्पादित

(फ) "कार्यविधि" भन्नाले स्थानीय उत्पादन खरिद तथा बिक्री केन्द्र सञ्चालन कार्यविधि, २०७९ सम्झनु पर्दछ ।

# परिच्छेद–२

# बजार सहजीकरण सहयोग, उद्देश्य तथा प्रयोग

## ३. बजार सहजीकरण सहयोग

(१) स्थानीय उत्पादनको बिक्री वितरणमा सहजता ल्याउन र निजी क्षेत्रको सहभागितालाई सुनिश्चित गरी गाउँपालिकाको सहयोग र भूमिकालाई समेत थप बृद्धि गर्न स्थानीय उत्पादन बिक्रीमा साझेदारीको लागि गाउँकार्यपालिकाबाट एक बजार सहजीकरण सहयोगको व्यवस्था गरिनेछ ।

(२) बजार सहजीकरण सहयोग रकम अन्तर्गत सुरुवातको रकम रु. २०,००,००० (अक्षरुपी बीस लाख) हुनेछ र वार्षिक रुपमा कार्यक्रमको प्रभावकारिताको गाउँकार्यपालिकाबाट गठित अनुगमन तथा मूल्याङ्कन समितिबाट अनुगमन मूल्याङ्कन गरी आवश्यकताको पहिचानको आधारमा गाउँकार्यपालिकाको सिफारिसमा गाउँसभाबाट थप रकमको व्यवस्था गर्न सकिनेछ ।

## ४. बजार सहजीकरण सहयोगको उद्देश्य

(१) स्थानीय स्तरमा उत्पादित कृषि उपज तथा गैर कृषि उत्पादनलाई साझेदार संस्था मार्फत बिक्री वितरणका लागि एक बिउँ पूँजी एवम् चालू पूँजीको रुपमा परिचालन गर्न र निजी क्षेत्रको सहभागितालाई प्रोत्साहन गर्न बजार सहजीकरण सहयोगको व्यवस्था गरिनेछ ।

(२) यस सहयोगको उद्देश्य कृषि उपज तथा गैर कृषि उत्पादनको बिक्री वितरणमा वित्तीय समस्या र जोखिमलाई न्यूनीकरण गर्नु रहेको छ ।

## ५. बजार सहजीकरण सहयोगको आम्दानी

(१) गाउँपालिकाको वार्षिक बजेट मार्फत स्थानीय उत्पादन खरिद तथा बिक्री सहजीकरण सहयोगका लागि बजार सहजीकरण कोषमा जम्मा हुने गरी स्वीकृत रकम,

(२) बजार सहजीकरण कोषमा जम्मा हुने गरी प्रदेश सरकार तथा नेपाल सरकारबाट प्राप्त रकम,

(३) नेपाल सरकारको स्वीकृतिमा विदेशी दातृ निकाय तथा सहयोगी संस्था र स्वदेशी विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरूबाट प्राप्त हुने रकम,

(४) साझेदार संस्थाबाट दफा ३ को उपदफा २ बराबर रकमको ५% ले हुन आउने र स्थानीय उत्पादन बिक्रीबाट प्राप्त नाफाको तीन प्रतिशत रकम साझेदार संस्था स्वयंले जम्मा गरेको रकम,

## ६. सहयोग रकमको उपयोग

(१) यस सहयोगको रकम देहाय बमोजिमको क्षेत्रमा साझेदार संस्थाले प्रयोग गर्न पाउनेछः

(क) स्थानीय कृषि उपज तथा गैर कृषि उत्पादनको खरिद कार्यको लागि

(ख) कृषकहरुलाई उत्पादनमा प्रोत्साहन गर्न साझेदार संस्थाले कृषि क्षेत्रमै लगानी सुनिश्चित हुने गरी सामूहिक उत्पादनका लागि उत्पादन लगानी योजना बनाई नेपालको बैंक तथा वित्तीय संस्था र अन्य प्रचलित कानुन बमोजिम सोको २० देखि ४० प्रतिशतसम्म अनुगमन तथा मूल्याङ्कन समितिको सिफारिसमा गाउँकार्यपालिकाको स्वीकृति लिई लगानी गर्न सक्नेछ र सो लगानी ६ महिनाभित्र स्थानीय समूहले साझेदार संस्थालाई फिर्ता गर्नु पर्नेछ ।

(ग) यस सहयोगबाट प्राप्त रकम साझेदार संस्थाले स्थानीय उपजको बिक्री वितरणमा लाग्ने खर्च जस्तै : यातायात, भण्डारण र बिक्री कर्ताको अन्य भइपरी आउने चालु प्रकृतिको खर्च नेपालको प्रचलित कानुनको अधीनमा रही प्रयोग गर्न पाउनेछ ।

(घ) कृषि प्रदर्शनी मेला र हाटबजार सञ्चालन गर्नको लागि अनुगमन तथा मूल्याङ्कन समितिको सिफारिसमा गाउँकार्यपालिकासँगको समन्वय र स्वीकृतिमा यस सहयोगको रकम साझेदार संस्थाले नेपालको प्रचलित ऐन कानुन बमोजिम प्रयोग गर्न पाउनेछ ।

(ङ) साझेदार संस्थाले स्थानीय कृषकहरुलाई आवश्यक अल्पकालिन प्राविधिक सेवा पु-याउनका लागि गाउँपालिकाको कृषि प्राविधिकबाट सम्भव हुन नसकेमा कृषि विज्ञहरुको परिचालन गर्न अनुगमन तथा मूल्याङ्कन समितिको सिफारिसमा गाउँकार्यपालिकाको स्वीकृतिले यस सहयोगको रकम प्रयोग गर्न पाउनेछ ।

(च) बजारको अध्ययन, अवलोकन र बजार सञ्जाल विकास तथा विस्तारका लागि अनुगमन तथा मूल्याङ्कन समितिको सिफारिसमा दफा ३ को उपदफा १ बमोजिमको गाउँकार्यपालिकाको स्वीकृतिमा यो सहयोगको रकम प्रयोग गर्न पाउनेछ ।

## ७. सहयोग रकम प्रयोग गर्न नपाइने

(१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको प्रयोजनका लागि साझेदार संस्थाले सहयोग रकम खर्च गर्न पाउने छैनः

(क) कर्मचारीको तलब तथा दफा ६ को उपदफा १ को (ङ) र (च) बाहेकको भत्ता सुविधा

(ख) भौतिक पूर्वाधार संरचना निर्माण

(ग) प्रशासनिक बीमा खर्च

(घ) कुनै पनि किसिमको दान, दातव्य, चन्दा, पुरस्कार, उपहार वा आर्थिक सहायता उपलब्ध गराउन,

(ङ) कुनै पनि किसिमको गोष्ठी, अन्तरक्रिया वा सभासम्मेलन सञ्चालन गर्न गराउन,

(च) दफा ४ को उपदफा १ सँग सम्बन्धित नभएको अन्य कुनै पनि कार्य गर्न गराउन ।

## परिच्छेद–३
## सहयोग परिचालन प्रक्रिया

**८. बजार सहजीकरण सहयोग परिचालन लेखाङ्कन र लेखापरीक्षण**

१) दफा ३ को उपदफा २ र दफा ५ बमोजिमको सहयोग रकमको बैंक खाता सञ्चालन साझेदार संस्थाले बैंक तथा वित्तीय संस्था तथा नेपालको अन्य प्रचलित कानुन बमोजिम गर्नु पर्नेछ । साझेदार संस्थाले नेपालको प्रचलित कानुन र बैंक तथा वित्तीय संस्था सम्बन्धी कानुन बमोजिम आय व्यय भएको सहयोग रकमको लेखा राख्न लगाई सोको लेखा गाउँपालिकाको आर्थिक प्रशासन शाखामा प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले १५ दिन भित्र बुझाउनु पर्नेछ । साझेदार संस्थाले यसरी खर्च गरेको सहयोग रकमको लेखाको लेखापरीक्षण नेपालको प्रचलित कानुन र बैंक तथा वित्तीय संस्था सम्बन्धी कानुन बमोजिम गर्नु गराउनु पर्नेछ ।

२) सहयोगको परिचालन साझेदार संस्था मार्फत गरिनेछ र सहयोग रकमको निकासा अनिवार्य रूपमा बजार सहजीकरण कोषबाट बैंक मार्फत मात्र गरिनेछ ।

(३) सहयोग परिचालनको अवधि ३ वर्षको हुनेछ र प्रत्येक वर्षमा कार्य सम्पादनको आधारमा अनुगमन तथा मूल्याङ्कन समितिको सिफारिसमा गाउँकार्यपालिकाको निर्णय बमोजिम सम्झौता नवीकरण गर्न सकिनेछ ।

(४) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि साझेदार संस्थाको कार्य सम्पादन सन्तोषजनक नभएमा अनुगमन तथा मूल्याङ्कन समितिको सिफारिसमा गाउँकार्यपालिकाको निर्णय बमोजिम ठहर भएमा गाउँकार्यपालिकाले जुनसुकै बखत संझौता भङ्ग गर्न सक्नेछ ।

(५) दफा ८ को उपदफा ४ बमोजिम सम्झौता भङ्ग भएको सूचना गाउँकार्यपालिकाको कार्यालयले तीन दिनभित्र गराइ सक्नु पर्नेछ र त्यस्तो सूचना प्राप्त भएको मितिले १५ दिनभित्र गाउँपालिकाबाट निकासा भएको रकम गाउँपालिकाको बजार सहजीकरण कोषमा दाखिला गरि सक्नु पर्नेछ । तर त्यस्तो रकम जम्मा हुन नसकेमा वा नभएमा नेपालको प्रचलित कानुन बमोजिम सरकारी बाँकी सरहको रकम गाउँपालिकाले असुल उपर गर्नेछ ।

## ९. आवेदन माग तथा सूचीकृत

(१) स्थानीय उत्पादन खरिद तथा बिक्री कार्यविधि, २०७९ अनुसार कार्यक्रममा सहभागी हुन ईच्छुक खानीखोला गाउँपालिकाभित्र क्रियाशील सहकारी र फर्महरुलाई सूचीकृत गर्नको लागि १५ दिने सूचना जारी गरिनेछ ।

(२) इच्छुक साझेदार संस्थाले संस्थाको विधान, इजाजत दर्ता प्रमाणपत्र, नवीकरण, लेखापरीक्षण प्रतिवेदन, स्थायी लेखा नम्बर, कर चुक्ता प्रमाण पत्र, सञ्चालक समितिको निर्णय, सम्बन्धित वडाको सिफारिस र संक्षिप्त प्रोफायल सहितको आवेदन अनुसूची-१ को ढाँचामा गाउँपालिकाको कृषि विकास शाखामा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(३) दफा ९ को उपदफा (२) बमोजिम सूचीकृत हुनका लागि आवश्यक कागजातहरु सहितको आवेदन गाउँपालिकाको कृषि विकास शाखामा पेश गरेपछि नियमानुसार योग्य सहकारी र फर्मलाई सूचीकृत गरिनेछ ।

## १०. प्राविधिक तथा आर्थिक प्रस्ताव माग

(१) दफा ९ को उपदफा (३) बमोजिम सूचीकृत भएका साझेदार संस्थाहरुलाई १५ दिनको सूचना जारी गरी प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरिनेछ ।

(२) प्राविधिक प्रस्तावमा कार्य सञ्चालन प्रक्रियाबारे विस्तृत विवरण उल्लेख भएको हुनु पर्नेछ ।

(३) आर्थिक प्रस्तावमा साझेदार संस्थाले गाउँपालिकाबाट प्राप्त स्थानीय उत्पादन खरिद तथा बिक्री केन्द्र सञ्चालनका लागि व्यवस्था गरेको बजार सहजीकरण सहयोग रकमको सुरक्षाका आधारहरुबारे उल्लेख गरेको हुनु पर्नेछ ।

(४) प्राविधिक तथा आर्थिक प्रस्तावको ढाँचा अनुसूची-२ बमोजिम हुनेछ ।

**११. मूल्याङ्कन समिति**

(१) सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ अनुसार गाउँपालिकामा गठन भएको खरिद समितिले नै प्राविधिक तथा आर्थिक प्रस्ताव गाउँपालिकाको अध्यक्षको रोहबरमा मूल्याङ्कन गर्नेछ र सो समितिको प्रस्तावित मूल्याङ्कनका आधारमा गाउँकार्यपालिकाले अन्तिम छनौट गरी आवश्यक प्रक्रिया पुर्याई सम्झौता गर्नेछ ।

(२) खरिद समितिले आवश्यकता अनुसार कृषि तथा पशुपंक्षी विकास शाखा वा बाह्य कृषि विज्ञलाई प्रस्ताव मूल्याङ्कनको लागि आमन्त्रण तथा परिचालन गर्नु पर्नेछ ।

**१२. प्राविधिक तथा आर्थिक प्रस्ताव मूल्याङ्कनका आधार**

(१) देहायका प्राविधिक प्रस्ताव मूल्याङ्कनका आधारहरु बमोजिम प्राविधिक प्रस्तावको अङ्क भार ९० हुनेछः

(क) साझेदार संस्थाको कार्यक्षेत्र र सेवा प्रदान गरिएको भूगोल —१० अङ्क

(ख) माग गरिएको प्रस्तावसँग सम्बन्धित कार्यअनुभव-२० अङ्क

(ग) साझेदार संस्थाको वित्तीय क्षमता-१५ अङ्क

(घ) कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया-३५ अङ्क

(ङ) बजार सञ्चालनको लागि प्रस्तावित जिम्मेवार व्यक्तिको शैक्षिक योग्यता र कार्यअनुभव-१० अङ्क

(२) आर्थिक प्रस्तावको अङ्क भार १० हुनेछ र आर्थिक प्रस्तावको मूल्याङ्कन देहायबमोजिम हुनेछः

(क) साझेदार संस्था स्वयंको निजी लगानी रकमको प्रतिवद्धता - ५ अङ्क

(ख) लगानीका क्षेत्रबारे स्पष्ट खाका-५ अङ्क

**१३. साझेदार संस्था र गाउँपालिका बीच सम्झौता**

(१) सहयोग परिचालनका लागि साझेदार संस्था र गाउँपालिका बीचको सम्झौताको अवधि ३ वर्षको हुनेछ ।

(२) साझेदार संस्थासँग सम्झौताका लागि दफा ९, १०, ११ र १२ बमोजिम छनौट भई सम्झौताका लागि योग्य भएको हुनु पर्नेछ ।

(३) साझेदार संस्था र गाउँपालिका बीच अनुसूची-३ बमोजिम सम्झौता हुनेछ ।

**१४. कोषको लेखा व्यवस्थापन तथा लेखापरीक्षण**

(१) गाउँपालिकाले कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नेछ ।

(२) साझेदार संस्थाले गाउँपालिकाबाट प्राप्त रकम परिचालनका लागि गाउँपालिकाले तोकेको बैंकमा छुट्टै खाता खोल्नु पर्नेछ ।

(३) साझेदार संस्थाले आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिना भित्र अन्तिम लेखापरीक्षण प्रतिवेदन गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

(४) साझेदार संस्थाको खाता व्यवस्थापन र लेखापरीक्षण सहकारी ऐन, २०७४ र नेपालको प्रचलित ऐन तथा नियम अनुसार हुनेछ ।

**१५. अनुगमन तथा मूल्याङ्कन**

(१) दफा २ को (ड) बमोजिमको समितिले यो सहयोग रकम परिचालनको प्रभावकारी कार्यान्वयन र परिणाम सम्बन्धी अनुगमन तथा मूल्याङ्कन गर्नेछ ।

(२) अनुगमन मूल्याङ्कन अनिवार्य रुपमा वर्षको ४ पटक (३/३ महिना) हुनेछ र यस अनुगमनबाट प्राप्त मूल्याङ्कन प्रतिवेदन नै साझेदार संस्थाको कार्य सम्पादन मूल्याङ्कन मानिनेछ ।

(३) गाउँपालिकाको कृषि तथा पशुपंक्षी विकास शाखाले स्थानीय उत्पादन खरिद तथा बिक्री केन्द्र सञ्चालन सम्बन्धी नियमित अनुगमन र मूल्याङ्कनलाई जोड दिनु पर्नेछ ।

## परिच्छेद–४
## विविध

**१६. परामर्श लिन सक्ने** : यस कार्यविधि बमोजिमको कार्य सम्पादन गर्न साझेदार संस्थाले उपयुक्त कृषि विज्ञ व्यक्ति वा संस्थासँग आवश्यक परामर्श लिन सक्नेछ ।

**१७. स्थानीय उत्पादनको मूल्य निर्धारणः** स्थानीय उत्पादनको खरिद मूल्य निर्धारण गरी सबैले देखिने ठाउँमा उपज सङ्कलन तथा बिक्री केन्द्रमा मूल्यसूची टाँस गर्नु पर्नेछ । स्थानीय उत्पादनको खरिद मूल्य निर्धारण गर्दा अनुगमन तथा मूल्याङ्कन समिति, मूल्याङ्कन समिति र छनौट भएको साझेदार संस्थाको समन्वय र सहमतिबाट सम्झौता भएको १५ दिनभित्र प्रचलित बजार दरभाउ नेपालको प्रचलित कानुन बमोजिम स्थापित संगठित संघ संस्थाको दररेट बमोजिम राष्ट्रिय, क्षेत्रीय, जिल्लाका बजारहरुको मूल्यलाई आधार बनाई प्रतिष्पर्धात्मक मूल्य विधिको प्रयोग गर्नु पर्नेछ ।

**१८. कारबाहीको व्यवस्थाः** यस कार्यक्रम अन्तर्गत सहयोग प्राप्त गर्ने साझेदार संस्थाले कृषि तथा गैर कृषि उपज खरिद र बिक्री

सम्बन्धी लेनदेन नगदमा खरिद र बिक्री गर्दाकै बखत कृषक तथा उत्पादक र उपभोक्ताबीच नगरिएको र सम्झौता बमोजिम कार्य नगरिएको पाइएमा निकासा भएको सहयोग रकम साझेदार संस्थाबाट कानुन बमोजिम असुल उपर गरिनेछ र कारबाहीको लागि भागिदार हुनेछ ।

१९. **संशोधनः** यो कार्यविधि समय सापेक्ष आवश्यक संशोधन गरिनेछ र कार्यन्वयन सम्बन्धी बाधा अड्चन गाउँकार्यपालिकाबाट फुकाउनेछ ।

२०. **प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएका बुँदाहरु प्रचलित कानूनसँग बाझिएमा प्रचलित कानून बमोजिम नै हुनेछ ।

## अनुसूची-१

(दफा ९ को उपदफा (२) सँग सम्बन्धित)

संस्था सूचीकृतका लागि निवेदनको ढाँचा

मितिः

श्री गाउँकार्यपालिकाको कार्यालय,
खानीखोला गाउँपालिका,
काभ्रेपलाञ्चोक, वागमती प्रदेश, नेपाल ।

विषयः मौजुदा सूचीमा दर्ता गरी पाऊँ ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ को उपनियम (१) बमोजिम तपसिलमा उल्लेखित विवरण अनुसारको पुष्ट्याइ गर्ने कागजात संलग्न गरी मौजुदा सूचीमा दर्ता हुन यो निवेदन पेश गरेको छु ।

**तपसिलः**

| | |
|---|---|
| १. मौजुदा सूचीको लागी निवेदन दिने व्यक्ति, संस्था, अपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकको विवरणः | |
| (क) नामः | (ख) ठेगानाः |
| (ग) पत्रचार गर्ने ठेगानाः | (घ) मुख्य व्यक्तिको नामः |
| (ङ) टेलिफोन नं | (च) मोबाइल नं |
| २. मौजुदा सुचीमा दर्ता हुनको लागि निम्न बमोजिमको प्रमाणपत्र संलग्न गर्नुहोला । | |
| (क) संस्था वा फर्म दर्ताको प्रमाणपत्र ☐ छ ☐ छैन<br>(ग) नवीकरण गरिएको ☐ छ ☐ छैन<br>(घ) मूल्य अभिबृद्धि कर वा स्थायी लेखा नमर दर्ताको प्रमाणपत्र ☐ छ ☐ छैन<br>(ङ) कुनै खरिदको लागी मौजुदा सूचीमा दर्ता निवेदन दिने हो, सो कामको लागि इजाजत पत्र आवश्यक पर्ने भएमा सो को प्रतिलिपि ☐ छ ☐ छैन<br>(च) संस्थाको प्रोफाईल संलग्न ☐ छ ☐ छैन | |
| ३. सार्वजनिक निकायबाट हुने खरिदका लागी दर्ता हुन चाहेको खरिदको प्रकृतिको विवरणः | |

| | | | |
|---|---|---|---|
| (क) मालसामान आपूर्तिः | | (ख) निर्माण कार्यः | |

| | | | |
|---|---|---|---|
| (मालसामानको प्रकृति समेत उल्लेख गर्ने) | | | |
| (ग) परामर्श सेवाः (परामर्श सेवाको प्रकृति समेत उल्लेख गर्ने) | | (घ) अन्य सेवाः (अन्य सेवाको प्रकृति उल्लेख गर्ने) | |
| निवेदन दिएको मितिः<br><br>आ. व. | फर्मको छाप | | निवेदकको नामः<br><br>हस्ताक्षरः |

# अनुसूची-२

(दफा १० को उपदफा (४) सँग सम्बन्धित)

प्राविधिक तथा आर्थिक प्रस्तावको ढाँचा

१. पृष्ठभूमिः

२. स्थानीय उत्पादन बिक्री वितरणको वर्तमान अवस्थाः

३. कार्यक्रमको उद्देश्यः

४. कार्यक्रमका लागि संस्थागत क्षमताः

५. संस्थाको कार्यक्षेत्र र सेवाहरुः

६. संस्थाको विशिष्ट अनुभवः

७. संस्थाको विगत ५ वर्षको वित्तीय अवस्थाः

८. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रियाः

९. बजार सञ्चालनका लागि प्रस्तावित जिम्मेवार व्यक्तिको शैक्षिक योग्यता र कार्यअनुभव
(शैक्षिक योग्यता र कार्य अनुभवको प्रमाण पत्र अनिवार्य)

१०. संस्था स्वयंले स्वघोषणा गरेको निजी लगानी रकमको प्रतिवद्धता

| क्र. सं. | लगानीको श्रोतहरु | लगनी (रु.) |
|---|---|---|
| | | |
| | | |
| | | |
| | जम्मा | |

११. स्वलगानीका क्षेत्रबारे स्पष्ट खाका

| क्र. सं. | विवरण | ईकाइ | परिमाण | लगनी (रु.) |
|---|---|---|---|---|
| १. | स्थिर पूँजी | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| २. | चालू पूँजी | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**१२. अनिवार्य पेश गर्नु पर्ने कागजातहरुः**

(क) प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गरिएको निवेदन

(ख) संस्थाको दर्ता तथा नवीकरण प्रमाण पत्र

(ग) कर चुक्ता प्रमाण पत्र

(घ) विगत ३ वर्षको लेखापरीक्षण प्रतिवेदन

(ङ) प्रस्तावित जिम्मेवार व्यक्तिको बायोडाटा र शैक्षिक योग्यताको प्रमाण पत्र

(च) स्वघोषणा पत्र

# अनुसूची-३

(दफा १३ को उपदफा (३) सँग सम्बन्धित)

साझेदार संस्था र गाउँपालिका बीच हुने सम्झौताको ढाँचा

खानीखोला गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, साल्मेचाकल, काभ्रेपलाञ्चोक, बागमती प्रदेश (यस पछि प्रथम पक्ष भनिने) र ...................................... साझेदार संस्था, खानीखोला गाउँपालिका, वडा नं ... (यस पछि दोश्रो पक्ष भनिने) बीच स्थानीय उत्पादन खरिद तथा बिक्री वितरण कार्यक्रममा तपसिलका शर्तहरु पालना गर्ने गराउने गरी यो द्विपक्षीय साझेदारी सम्झौता गरिएको छ ।

१. प्रथम पक्षले स्थानीय उत्पादन बिक्री वितरण कार्यक्रम सञ्चालनका लागि गाउँपालिकाबाट प्राप्त हुने सहयोगको रकम दोश्रो पक्षलाई बैंक खातामा जम्मा गरी दिइनेछ । सहयोगको रकम निकासा ३ किस्तामा जम्मा गरिनेछ जस अनुसार पहिलो किस्ता २०%, दोश्रो किस्ता ५०% र अन्तिम किस्ता ३०% हुनेछ ।

२. प्रथम पक्षले सम्झौता भएको मितिले १५ दिन भित्र दोस्रो पक्षलाई पहिलो किस्ता बजार सहजीकरण सहयोग रकम साझेदार संस्थाको खातामा बजार सहजीकरण कोष मार्फत उपलब्ध गराउनेछ ।

३. दोस्रो त्रैमासिक पश्चात कार्यक्रमको प्रभावकारिताको अनुगमन तथा मूल्याङ्कन समितिबाट अनुगमन मूल्याङ्कन गरी सोको पुट्याँइ गर्ने कागजात सहितको प्रगति प्रतिवेदन बमोजिम अनुगमन मूल्याङ्कन समितिको सिफारिसमा गाउँकार्यपालिकाको निर्णयको आधारमा आवश्यक प्रक्रिया पुर्याई प्रथम पक्षले दोश्रो पक्षलाई सहयोग रकमको दोश्रो किस्ता साझेदार संस्थाको खातामा बजार सहजीकरण कोष मार्फत उपलब्ध गराउनेछ । साथै अन्तिम किस्ताको लागि तेस्रो त्रैमासिक पश्चात कार्यक्रमको प्रभावकारिताको अनुगमन तथा मूल्याङ्कन समितिबाट अनुगमन मूल्याङ्कन गरी सोको पुट्याँइ गर्ने कागजात सहितको प्रगति प्रतिवेदन बमोजिम अनुगमन मूल्याङ्कन समितिको

सिफारिसमा गाउँकार्यपालिकाको निर्णयको आधारमा आवश्यक प्रक्रिया पुर्याई प्रथम पक्षले दोश्रो पक्षलाई सहयोग रकमको अन्तिम किस्ता साझेदार संस्थाको खातामा बजार सहजीकरण कोष मार्फत उपलब्ध गराउनेछ ।

४. दोश्रो पक्षले स्थानीय उत्पादनमा बृद्धिका लागि प्रथम पक्षबाट गरिने विविध कृयाकलापहरुमा समन्वय तथा सहजीकरण गर्नु पर्नेछ ।

५. दोश्रो पक्षले स्थानीय उत्पादन खरिद बिक्री रेकर्ड तथा अभिलेख दैनिक रुपमा राख्नु पर्नेछ र सोको विवरण प्रथम पक्षलाई मासिक प्रतिवेदनका रुपमा पेश गर्नु पर्नेछ ।

६. खानीखोला गाउँपालिकाभित्र मात्रैबाट उत्पादित सम्पूर्ण स्थानीय कृषि उपज तथा गैर कृषि उत्पादन छनौट भएको साझेदार संस्थाको तोकिएको खरिद बिक्री केन्द्रले खरिद बिक्री वितरण गर्ने जिम्मेवारी अनिवार्य शर्तको रुपमा हुनेछ जुन खरिद तथा बिक्री गर्ने जिम्मेवारीबाट अलग हुन पाइने छैन ।

७. स्थानीय उत्पादन सङ्कलन तथा खरिद तथा बिक्री केन्द्र सञ्चालनको सम्पूर्ण जिम्मेवारी दोश्रो पक्षको हुनेछ र प्रथम पक्षलाई स्थानीय उत्पादन खरिद तथा बिक्री केन्द्र सञ्चालन कार्यविधि, २०७९ को दफा ६ र ७ बाहेकको अन्य आर्थिक व्ययभार हुने गरी कुनै पनि जिम्मेवारी रहने छैन ।

८. स्थानीय उत्पादन खरिद तथा बिक्री केन्द्र सञ्चालन कार्यविधि, २०७९ को दफा १७ बमोजिम स्थानीय उत्पादनको खरिद मूल्य निर्धारण गरी सबैले देखिने ठाउँमा उपज सङ्कलन तथा बिक्री केन्द्रमा मूल्यसूची टाँस गर्नु पर्नेछ । स्थानीय उत्पादनको खरिद मूल्य निर्धारण गर्दा गाउँकार्यपालिका, अनुगमन तथा मूल्याङ्कन समिति, मूल्याङ्कन समिति र छनौट भएको साझेदार संस्थाको समन्वय र सहमतिबाट प्रचलित बजार दरभाउ नेपालको प्रचलित कानुन बमोजिम स्थापित संगठित संघ संस्थाको दररेट बमोजिम राष्ट्रिय, क्षेत्रीय,

जिल्लाका बजारहरुको मूल्यलाई आधार बनाई प्रतिस्पर्धात्मक मूल्य विधिको प्रयोग गर्नु पर्नेछ ।

९. स्थानीय उत्पादन बिक्रीबाट प्राप्त नाफाको दोस्रो पक्षले स्थानीय उत्पादन खरिद तथा बिक्री केन्द्र सञ्चालन कार्यविधि, २०७९ को दफा ३ को उपदफा (२) बमोजिम रकमको ५% ले हुन आउने रकम र सोही कार्यविधिको दफा ५ को (४) बमोजिम स्थानीय उत्पादन बिक्रीबाट प्राप्त नाफाको तीन प्रतिशत रकम स्वयम् दोस्रो पक्षले दफा २ को (ड) बमोजिमको बजार सहजीकरण कोषमा जम्मा गर्नु पर्नेछ ।

१०. सम्झौताको अवधि मिति ...... देखि ........ सम्म तीन (३) वर्षको हुनेछ तर दोश्रो पक्षले यो सम्झौता बमोजिमका कार्य नगरेमा वा उपलब्ध श्रोतको दुरुपयोग गरेमा स्थानीय उत्पादन खरिद तथा बिक्री केन्द्र सञ्चालन कार्यविधि, २०७९ को दफा ८ को उपदफा ४ र ५ बमोजिम सम्झौता भङ्ग भएको सूचना गाउँकार्यपालिकाको कार्यालयले तीन दिनभित्र उपलब्ध गराउनेछ र त्यस्तो सूचना प्राप्त भएको मितिले १५ दिनभित्र गाउँपालिकाबाट निकासा भएको रकम गाउँपालिकाको बजार सहजीकरण कोषमा दाखिला गरि सक्नु पर्नेछ । तर त्यस्तो रकम जम्मा नगरे वा नगराएमा नेपालको प्रचलित कानुन बमोजिम सरकारी बाँकी सरहको रकम गाउँपालिकाले असुल उपर गर्नेछ ।

११. दोश्रो पक्षले पेश गरेका विवरणहरु वास्तविक/सत्य हुनु पर्नेछ । दोस्रो पक्षले पेश गरेको विवरण झुट्टा ठहरिएमा वा पाइएमा दोश्रो पक्षको चल अचल सम्पत्तिबाट प्रचलित कानून बमोजिम असूल उपर गरी मुलुकी अपराध संहिता, २०७४ बमोजिम ठगीमा कार्वाही गर्न प्रथम पक्षले सिफारिस गर्नेछ ।

१२. स्थानीय उत्पादन खरिद तथा बिक्री केन्द्र सञ्चालन कार्यविधि, २०७९ को दफा १८ बमोजिम दोश्रो पक्षले कृषि उपज तथा गैर कृषि उत्पादन सम्बन्धी खरिद बिक्री उधारो कारोबार गर्न पाउने छैन ।

१३. यस सम्झौतामा उल्लेख भए बाहेकका विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

१४. माथि उल्लेखित शर्त तथा बन्देजहरुको पूर्ण पालना गर्न हामी दुवै पक्ष मञ्जुर भई यो सम्झौता पत्रमा सहीछाप गरी एक/एक प्रति बुझि लियौं/दियौं । यो कुरा झुटो ठहरिएमा कानुन बमोजिम सहौंला/बुझौंला ।

| | |
|---|---|
| **<u>प्रथम पक्ष</u>** | **<u>दोश्रो पक्ष</u>** |
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |
| कार्यालयको छापः | संस्थाको छापः |
| **रोहवर** | **रोहवर** |
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |
| **रोहवर** | **रोहवर** |
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |

इति सम्वत ......... साल ........ महिना ........ गते रोज ......... शुभम् ।

आज्ञाले
धनेन्द्र भुजेल
प्रमुख प्रशासकीय अधिकृत

**मूल्य रु. २०/-**